बैठक नं.-८६

आज मिति २०७६/८/१ गते आइतबार दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ८६औ बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री विष्णु प्रसाद भुषाल | सदस्य सचिव | |

अन्य आमन्त्रित

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख शिक्षा शाखा
२. जिवलाल श्रेष्ठ, प्रशासन तथा योजना अनुगमन अधिकृत
३. सीमा अधिकृत लेखा अधिकृत, आ. प्र. शाखा
४. कृष्णहरी सापकोटा, सूचना प्रविधि अधिकृत, सू. प्र. शाखा
५. टिकाराम कुश्याल इन्जिनियर, पूर्वाधार विकास शाखा
६. संगिता पौडेल, प्रशासन शाखा
७. जमुना न्यौपाने कार्यालय सहयोगी

## मिति २०७६/८/१ मा बसेको ४६ औ कार्यपालिका बैठकको निर्णयहरु :

१. नेपाल सरकार तथा प्रदेश सरकारको एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाको नीति तथा कार्यक्रम अनुसार यस नगरपालिकामा औद्योगिक ग्राम स्थापनार्थ जग्गाको उपलब्धता तथा उपयुक्तता समेतका आधारमा जग्गा छनौट गरी औद्योगिक ग्राम निर्माणका लागि सर्वसम्मतिबाट तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश पोखराबाट औद्योगिक ग्राम स्थापनार्थ अध्ययनका लागि खटिई आएको कन्सल्टेन्ट परामर्शदाता संस्थाले यस नगरपालिकाको सिफारिस समेतको आधारमा गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनले उपयुक्त ठहर गरेको, कुनै खरखिचलो नरहेको, यातायात, सञ्चार, विद्युत, ढल निकास लगायतका पुर्वाधार विकासको सम्भावनाको दृष्टिकोणले समेत उपयुक्त देखिएको, कच्चा पदार्थको उपलब्धता र बजारको पहुँचका हिसाबले समेत सम्भाव्य देखिएको यस नगरपालिकाको वडा नं. १० र १५ स्थित क्षेत्रफल करिब ९० विघा (फिल्ड बुक/ श्रेस्ता नभएको) मध्ये करिब ७० विघा क्षेत्रफलमा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त देखिएकोले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश पोखरामा अनुरोध गर्ने ।

२. विधायन समितिबाट पेश भएका देहायका कार्यविधिहरु स्वीकृत गर्ने ।

क) व्यवसाय दर्ता नविकरण निर्देशिका, २०७६ ।

ख) संस्था दर्ता कार्यविधि, २०७६,

ग) पर्यटन काज कार्यविधि, २०७६,

घ) सार्वजनिक निजी साझेदारी कार्यविधि, २०७६,

ङ) दीर्घरोगी औषधी उपचार घुम्तीकोष व्यवस्थापन कार्यविधि, २०७६

३. चालु आ.व का लागि सडक बोर्डबाट प्राप्त ३१ लाख बजेटबाट देहायका स्थानमा सडक मर्मत तथा स्तरोन्नती गर्ने निर्णय गरियो ।

क) वडा नं. ७ को रिङरोड खण्ड अन्तर्गत सीताबास चोक देखि पूर्व र पश्चिमसडक स्तरोन्नती रु.५,००,०००।-(पाँच लाख),

ख) वडा नं. ८ को साविक गा.वि.स चोक देखि पश्चिम महाराजा मार्ग स्तरोन्नती रु ५,००,०००।- (पाँच लाख)

ग) वडा नं. ७ र ८ को सिमानामा दलदले धोवादी सडक खण्डको साविक गा.वि.स चोक निर कल्भर्ट तथा वाल निर्माण रु १०,००,०००।- (दश लाख) साथै ३०% नगरपालिकाले म्याचिङ गर्नेगरी बोलपत्र आगाडी बढाउने ।

घ) वडा नं. ११ को धारापानी चोकदेखि कुनाघाट चोक सम्मको कालोपत्रे मर्मत रु ६,००,००० ।- (छ लाख)

ङ) वडा नं.१२ को वडा कार्यालय जानेबाटोको वाल निर्माण रु.५,००,०००।- (पाँच लाख)

४. प्रदेश सरकारबाट स्वीकृत समपुरक अनुदान रु.१,००,००,०००।- (एक करोड मात्र) मा नगरपालिकाले विनियोजित शीर्षक वडा नं ३ र ४ विचको रेखा पंजियारको घरदेखि शान्ती गैह्र सडक र वडा नं. ४ र ५ को सिमाना चन्द्रकला पाठकको घर देखि उत्तर परानपुर चोक देखि मिलन चोक हुदै नवसिर्जना चोक सम्म कालोपत्रे शिर्षकमा १-१ करोड गरि जम्मा २ करोडको एकमुष्ठ बोलपत्र आव्हान गरी ठेकेदारले कबोल गरेको रकमको नपुग रकम म्याचिङ गर्ने निर्णय गरियो ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

विष्णु प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

५. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत प्रगतिनगर खानेपानी तथा सरसफाई संस्थाको लागि ४५० घ.मी क्षमताको ओभरहेड ट्याङ्की निर्माण गर्नका लागि रु.१,७७,४५,४३८.२८।- बहुबर्षिय ठेक्का स्वीकृत भएकोमा गत बर्ष रु.४३,६३,९०९.१५।- भुक्तानी भएको उक्त योजनाको लागि यस वर्ष विनियोजित बजेट रु.४०,००,०००।- (चालीस लाख) को कार्यविधि बमोजिम १० प्रतिशत रकम म्याचिङ गर्ने र नपुग रकम रु ८९,८१,५२९.१३।- तत्काल निकाशाको लागि तराई मधेश समृद्धि कार्यक्रम, काठमाडौं मा लेखी पठाउने र आवश्यक पहल गर्ने साथै यस आ.व मा विनियोजित जनज्योती नमुना मा.वि को लागि ३५ लाखको १० प्रतिशत रकम समपुरक कोषबाट म्याचिङ गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको लागि हालको प्रशासनिक भवन साँघुरो एवम् अपुग भएकोले सबै शाखाहरु एकै ठाउँमा एकीकृत गरी सबै प्रकारको सेवा एउटै स्थानबाट उपलब्ध गराउन थप एक प्रशासनिक भवन आवश्यक भएकोले गण्डकी प्रदेश, भौतिक योजना मन्त्रालयको सहयोगमा नगरपालिकाको लागत साझेदारीमा स्थान देवचुली १३ मा नयाँ प्रशासनिक भवन निर्माण गर्न आवश्यक पहल गर्ने ।

७. आ.व २०७६/०७७ को लागि नगरसभाबाट स्वीकृत देहायका योजनाहरुको शिर्षक, स्थान वा कामको प्रकृति परिवर्तन गर्न वडा कार्यालय र पूर्वाधार विकास समितिबाट सिफारिस भै आएकोले देहाय बमोजिम परिवर्तन गर्ने ।

| वडा नं | योजना क्र.सं | हाल स्वीकृत योजनाको नाम, ठेगाना | परिवर्तन हुनुपर्ने योजनाको शिर्षक | रकम रु |
|---|---|---|---|---|
| १ | १०७ | रायमाझी चोक देखि विमली चोक सम्म सडक कालोपत्रे | क्र.सं.१७३ को नवलमार्ग कालोपत्रे (थप गर्ने) | ८,००,०००।- |
| २ | १९३ | सृजना टोल अगाडीको बाटो कालोपत्रे | सृजना टोल अगाडीको बाटो मोजाक टायल लगाउने | १०,००,०००।- |
| ३ | ५ क्रमागत | केउरानी पूर्व सडक मर्मत तथा स्तरोन्नती | कृषि रिङरोड अर्न्तगत देवेन्द्र शर्माको घर देखि उत्तर वडा नं.५ सिमाना सम्म कालोपत्रे | १३,००,०००।- |
| १० | ३४५<br>३५१ | • लागुऔषध दुव्यसैनी विरुद्ध तालिम शिर्षकको १ लाख<br>• भित्री सडक ग्रावेल शिर्षकको १२ लाख बाट २ लाख | क्र.सं ३४३ मिलनटोल मार्ग मर्मत सम्भार | ३,००,०००।- |
| ११ | ८ | डुबान क्षेत्र नियन्त्रण कल्भर्ट निर्माण | धारापानी देखि कुनाघाट सम्म कालोपत्रे मर्मत | ३,००,०००।- |
| १६ | ८८ | ओयसिसचोक देखि १७ नं. जोड्ने सडक कालोपत्रे | सोही स्थानमा वाल लागाउने स्तरोन्नती गर्ने | १०,००,०००।- |
| १६ | १३६<br>१३७ | जखडी मन्दिरको बैठकघर, आपचौर र टाँगीकोट शीर्षकको १-१ लाख | जखडी मन्दीर बनाउने -आपँचौर र टाँगीकोट १/१ लाख | २,००,०००।- |

८. नगरपालिकाको केही स्थानमा नक्सामा परम्परागत कुलो रहेकोमा शहरीकरणका कारण ति कुलोहरुमा सडक निर्माण भई बस्ती विकास भएकोले उक्त कुलोहरु रहेको स्थानमा निर्मित सडकको दायाँबायाँ निजि जग्गामा वडा समितिको निर्णय र वडाध्यक्षको सिफारिसको आधारमा घर नक्सा पास गरिदिने निर्णय गरियो ।

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

साथै कुनै स्थानको सडक ६ मिटर भन्दा कम चौडा रहेछ र सोही नापमा कित्ताकाट भएको रहेछ भने पनि सबै सडकहरु कम्तीमा ६ मिटर कायम गरी नियमानुसार सेडव्याक छाडी घर नक्सा पास गर्ने र हाल सडकतर्फ च्यापेर बनेका घरहरु भविष्यमा नयाँ मापदण्ड बमोजिम बनाउने गरी सम्बन्धित सडक टोलका बासिन्दाहरुको भेलाबाट लिखित सहमति गराई हाललाई त्यस्ता सडकहरुमा पनि भविष्यको चाक्लो सडक सुनिश्चित हुने गरी नक्सा पास गरिदिने र माथी उल्लेखित नियम सडकमा विनियोजित योजनामा समेत हुने गरी सम्झौताको प्रकिया अगाडी बढाउने ।

९. देवचुली नगरपालिका अन्तर्गत चालु आ.व को लागि सडक कालोपत्रे गर्ने योजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा अ.दु.अ.आ.को च.नं.१५० मिति २०७६/०६/१४ को पत्र समेतको आधारमा गुणस्तरीय सडक निर्माण गर्ने उद्देश्यले साना योजनाहरुकलाई एकीकरण (मर्ज) गरी तपशिल बमोजिमका ठूलो प्याकेज बनाई ल.ई. मा टेन्डर घट्नसक्ने प्रतिशत सम्मको अनुमानित लागत बढाई ई.टेन्डर (अनलाईन विडिङ) को माध्यमबाट निर्माण प्रक्रिया अगाडि बढाउने ।

क) वडा नं.१-५, प्याकेज नं.-१, साइट संख्या ८, २ करोड माथि ।

ख) वडा नं. (७,९,११,१५) प्याकेज नं.-२, साइट संख्या ८, २ करोड माथि ।

ग) वडा नं. १६-१७ प्याकेज नं.-३, साइट संख्या ८, १ करोड माथि ।

घ) वडा नं.४ प्रदेश सरकारको समपुरक अनुदान र न.पा को समपुरक कोषबाट निर्माण हुने प्याकेज नं.-४, साइट संख्या २, २ करोड माथि ।

१०. यस नगरपालिकाको देहाय बमोजिम कृषि तथा पशु पकेट क्षेत्र निर्धारण गर्ने ।

**कृषि पकेट क्षेत्र**

क). फलफुल (भुईकटहर, केरा, अदुवा तरुल ) वडा नं. ५, ६, १६, १७
ख). मकै वडा नं. ९
ग). धान वडा नं. १
घ). फापर वडा नं. १०
ङ). टमाटर, काक्रो वडा नं. ७

**पशु पकेट क्षेत्र**

क). भैसी पकेट क्षेत्र वडा नं. ११,१२ र ९ र १४
ख). गाई, पकेट क्षेत्र वडा नं. १० र १५
ग). माछा पकेट क्षेत्र वडा नं. १३
घ). बगुर पकेट क्षेत्र वडा नं. ७ र ८
ङ). बाखा पकेट क्षेत्र वडा नं. ५ र ६
च). कुखुरा पकेट क्षेत्र वडा नं. १६ र १७

११. यस नगरपालिका लाई अपाङ्गमैत्री बनाउने उद्देश्य अनुरुप नगरपालिका र वडा कार्यालयहरुमा क्रमशः अपाङ्गमैत्री शौचालय निर्माण गर्दै जाने निर्णय गरियो ।

१२. यस नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये नगरपालिका क्षेत्र बाहिरबाट आउने र कुनै प्रकारको सवारी साधन र इन्धन सुविधा नलिएका कर्मचारीहरुलाई देहाय बमोजिम २०७६ मंसिर १ देखि यातायात खर्च उपलब्ध गराउने ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

क) पूर्व गैडाकोट नगरपालिका जंगल देखि पश्चिम र डण्डा देखि पूर्व क्षेत्र सम्मबाट आउने कर्मचारीको लागि मासिक रु.१,०००।-

ख) माथि (क) मा उल्लेखित स्थान भन्दा टाढाबाट आउने कर्मचारीको लागि मासिक रु.१,५००।-

ग) दैनिक आवतजावत गर्न कठिन भई स्थानीय रुपमा डेरामा बसोवास गरेका र तोकिएको कुनै सुविधा नलिएका कर्मचारीको हकमा (ख) बमोजिम सुविधा दिने ।

घ) एकाघरको सदस्य वा एउटै साधनमा दुई जना आवत जावत गरेकोमा थप सुविधा नदिने ।

१३. यस नगरपालिकाको अर्न्तगत वडा नं १५ स्थित श्री पशुपति साङ्गवेद आवसीय माध्यमिक विद्यालयलाई कक्षा १२ संचालनको अनुमति दिने र श्री भिमसेन आदर्श माध्यमिक विद्यालय (वडा नं. ७ ) लाई होटल म्यानेजमेन्ट संकाय कक्षा संचालनको लागि स्वीकृत प्रदान गर्ने ।

१४. यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा आ.व २०७५/०७६ को अन्तिम लेखापरिक्षण गर्न नगरपालिकामा सूचिकृत लेखापरिक्षक मध्ये विद्यालयले नै लेखा परिक्षक छानेर सिफारिस गर्ने र एक जना लेखा परिक्षकले बढीमा ३ वटा विद्यालय सम्म लेखापरिक्षण गर्न पाउने व्यवस्था मिलाउने ।

१५. यस नगरपालिकामा संचालित तरकारी तथा फलफुल मूल्य श्रृंखला विकास परियोजना अर्न्तगत सोही परियोजनाबाट सेवा सुविधा पाउने गरी ६ महिनाको लागि निष्पक्ष छनौट विधिबाट २ जना कृषि प्राविधिक करारमा लिई काममा लगाउने ।

१६. वडा नं ५ लगायत आसपासका वडामा निर्माण कार्यका लागि निर्माण सामग्री ढुङ्गा आवश्यक भएकोले बौलाहा खोलाबाट मेशिन नलगाई बाहिर उत्रेका ढुङ्गाहरु मानिसद्धारा संकलन गरी नियमानुसार राजश्व तिरी प्रयोग गर्ने ।

१७. नगरपालिकाको पहाडी क्षेत्र वडा नं. ६, ५ र १६ को क्रमश: कुमसोत, किर्तिपुर, बन्दीपुर र बाह्रकोल लगायत स्वास्थ्य/संस्था/केन्द्र नभएका अन्य वडाहरुमा स्वास्थ्य घुम्ती शिविर संचालन गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने ।

१८. दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रको विद्युतीकरण, पुर्ननिर्माण र तालिम/बैठक कक्ष फर्निचर निर्माण गर्ने, शहरी स्वास्थ्य क्लिनिक र खोपकेन्द्रहरुमा आवश्यक फर्निचर तथा अन्य स्वास्थ्य संस्थाहरुको आधारभुत पूर्वाधार र कार्यालय व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने ।

१९. वडा नं १-५ को लागि निर्माणाधिन खानेपानीको ओभरहेड टंकीको लागि नगरपालिकाले जग्गा उपलब्ध गराउनुपर्ने भएकोले दे.न.पा वडा नं.४ निवासी श्री सानु कुमारी परियारले भोगचलन गरिआएको जग्गा ०-२-० निजको अन्यत्र कुनै बसोबासको व्यवस्थापन गर्न वडा समितिको निर्णय र सिफारिसको आधारमा सम्बन्धित व्यक्तिको बैक खातामा जम्मा हुने गरी रु.५,००,०००।- भुक्तानी दिने ।

२०. भिजिट नेपाल २०२० लाई लक्षित गरी ह्याप्पी एफ.एम. १०३.८ ले यही २०७६ मंसिर ५ देखि १५ गते सम्म १० दिने पर्यटन महोत्सव आयोजना गरेकोले उक्त कार्यक्रमको लागि रु २,००,०००।- (दुई लाख) को लागत साझेदारी गर्ने निर्णय गरियो ।

२१. आ.व. २०७६/०७७ को लागि छुट्याइएको रु.५ लाख बजेटबाट वडा नं.३ मा ज्येष्ठ नागरिक दिवासेवा केन्द्र स्थापना गर्ने ।

२२. कृषि सहकारी तथा भुमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश आ.व २०७६/०७७ मा नवलपुर जिल्लाका लागि बिऊ भण्डारण गृह निर्माण शिर्षकमा विनियोजित रु.५०,००,०००।- (अक्षेरुपी पचास लाख) रकम लालिमा कृषि सहकारी संस्थामा बीउ भण्डारण गृह र खलो (सेड) निर्माणका लागि उपलब्ध गराईदिन सिफारिस गर्ने ।

२३. देवचुली नगरपालिका अर्न्तगत निर्माण भई रहेका सबै वडाहरुको इलेक्ट्रिकल वायरिङ गर्न नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने ।

२४. यस न.पा अर्न्तगत वडा नं. १०, १३ र १४ को वडा कार्यालय भवन निर्माणको लागि जिल्ला समन्वय समितिमा रहेको कोषको रकम माग गरी उक्त कोषबाट प्राप्त रकममा न्युनतम ४० प्रतिशत लागत आ.व ०७६/०७७ का लागि व्यवस्था गरिएको समपुरक कोषबाट बेहोर्ने निर्णय गरियो ।